हे अल्लाह! जसलाई मेरो उम्मतको कुनै जिम्मेवारी सुम्पिएको छ र ऊ तिनीहरूलाई कठिनाइमा पार्छ भने तपाईं पनि उनीप्रति कठोर हुनुहोस् र जसलाई मेरो उम्मतको कुनै मामिला सुम्पिएको छ र उनीहरूसँग नरम व्यवहार गर्छ भने तपाईं उससँग नम्र हुनुहोस् ।

आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकि छिन्, "मैले मेरो यो घरमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई यसो भन्दै गरेको सुनें": "हे अल्लाह! जसलाई मेरो उम्मतको कुनै जिम्मेवारी सुम्पिएको छ र ऊ तिनीहरूलाई कठिनाइमा पार्छ भने तपाईं पनि उनीप्रति कठोर हुनुहोस् र जसलाई मेरो उम्मतको कुनै मामिला सुम्पिएको छ र उनीहरूसँग नरम व्यवहार
गर्छ भने तपाईं उससँग नम्र हुनुहोस् ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हरेक त्यस्ता हाकिमहरूलाई अल्लाहले कष्ट दिऊन् भनेर श्राप दिनुभएको छ, जसले मुस्लिमहरूको कुनै जिम्मेवारी लिन्छ, चाहे त्यो सानो होस् वा ठूलो, सामान्य होस् वा विशेष, तर ऊ मानिसहरूसँग दयालु व्यवहार गर्नुको सट्टा तिनीहरूमाथि अन्याय गर्छन् र तिनीहरुलाई समस्यामा पार्छन्, ताकि कर्मको प्रतिफल कार्यको प्रकृति अनुसार होस् । जिम्मेवारी पाएपछि, मानिसहरूसंग दयालु व्यवहार गर्ने र तिनीहरूको जीविका सजिलो बनाउनेलाई अल्लाहले दयालु व्यवहार गरुन् र उसको कामलाई सजिलो बनाउन् भनेर प्रार्थना गर्नुभएको छ ।

https://sunnah.global/hadeeth/ne/show/5330